मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

काम गर्न विदेश जाने सोच बनाउँदै हुनुहुन्छ ?

हुनुहुन्छ भने:
- श्रम तथा वैदेशिक रोजगारका विषयमा आवश्यक जानकारीका लागि स्थानीय तहमा क्रियाशील रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोस् ।
- राहदानी बनाउँदाका बखत नै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा सम्पर्क राख्नुहोस् ।
- श्रम कल सेन्टरको नि:शुल्क नम्बर ११४१ मा फोन गर्नुहोस् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

◆ वर्ष : २९ ◆ अङ्क : १७३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ वैशाख २८ गते शुक्रवार (Friday, 10 May . 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

झापामा बर्षेनि मारिन्छन् हात्ती, हुँदैन कारवाही

हात्तीको आक्रमणमा मारिएका परिवारलाई ७ करोड राहत

सुरेन्द्र भण्डारी

भद्रपुर, वैशाख २७। रातारात बथानका बथान भारतबाट नेपाल प्रवेश गरेर यहाँका सामुदायिक बनमा बस्तै आएका जंगली हात्ती नियन्त्रण गर्न झापामा थुप्रै प्रयास भएका छन् ।

बर्षौदेखि झापामा देखिएको मानव-हात्ती द्वन्द्व न्यूनीकरण गर्ने उद्देश्यले हात्ती प्रवेश गर्ने गौडामा सोलार अफसेट फेन्स (विद्युतीय सौर्य तारबार) जडान गर्दै हात्ती नियन्त्रण गर्न खोजिएको छ भने सामुदायिक वन क्षेत्रभित्र हात्तीको आहारका लागि केरासहित विभिन्न प्रजातिको घाँस समेत लगाइएको छ । तर, जंगली हात्तीले वस्ती प्रवेश गरेर मच्चाउने उपद्रो भने रोकिएको छैन ।

हात्ती नियन्त्रणकै लागि हालसम्म झापाका विभिन्न ठाउँमा ७६.३९ किलोमिटर सोलार अफसेट फेन्स जडान गरिएको छ । राष्ट्रिय प्रकृति संरक्षण कोषको रेखदेखमा जडान गरिएको सोलार अफसेट फेन्सले हात्ती नियन्त्रण गर्न खोजिएपनि पूर्ण प्रभावकारी भने हुन सकेको छैन ।

हात्ती नियन्त्रणका लागि २७ वटा विभिन्न सामुदायिक बन क्षेत्रमा जडान गरिएको सोलार अफसेट फेन्स राष्ट्रिय प्रकृति संरक्षण कोषले डिभिजन वन कार्यालयको रोहवरमा हालै भद्रपुर, कचनकवल, हल्दिबारी, बाह्रदशी र मेची नगरपालिका अन्तरगत रहेका वन समूहलाई हस्तान्तरण समेत गरेको छ । कोषले हस्तान्तरण गरेको विद्युतीय सौर्य तारबारका कारण हात्ती नियन्त्रणमा केही सहज भए पनि झापावासी हात्तीको समस्याबाट पूर्ण रुपमा मुक्त हुन सकेका छैनन् ।

हात्ती नियन्त्रणका लागि हात्ती प्रवेश गर्ने प्रमुख गौडा पूर्वी सीमा मेची खोलाको तटीय क्षेत्रमा रहेको सामुदायिक वन क्षेत्रमा विद्युतीय सौर्य तारबार गरिएपनि यहाँ रहेका सामुदायिक वनमा बस्दै आएका हात्तीले वस्ती पसेर दिनहुँजसो उपद्रो मच्चाउने गरेका छन् । हात्तीको उपद्रोका कारण सात विदेशी नागरिकसहित झापामा ६७ जनाले ज्यान समेत गुमाएका छन् । डिभिजन वन कार्यालय झापाका वन अधिकृत जीवन पाठकका अनुसार २०६८ साल यता मात्रै ६० जना नेपाली र सात जना विदेशी नागरिकले हात्तीको आक्रमणमा परी ज्यान गुमाएका हुन् ।

हात्तीले प्राय:जसो मच्चाउने उपद्रोकै कारण झापामा हात्ती समेत मारिने गरेका छन् । तर, हात्ती कसले मार्‍यो भन्ने पुष्टि हुन नसक्दा हात्ती मार्ने कार्यमा संलग्नलाई कारवाही हुन नसकेको बन कार्यालयका अधिकृत पाठकको भनाइ छ । झापामा हालसम्म २० वटा हात्ती मृत फेला परेका छन् । तर, कालगतिले मरेका हात्तीको संख्या भने न्यून रहेको पाठकको भनाइ छ ।

हालैमात्र झापाको मेचीनगर-११स्थित कालिका सामुदायिक वनभित्र ४० वर्षको बयस्क हात्ती मृत फेला पर्‍यो । मृत भेटिएको हात्तीको पुच्छर, दाह्रा नभएकाले हात्तीलाई तस्करले मारेको हुनसक्ने डिभिजन वन कार्यालयको निष्कर्ष रहेको पाठकको

(बाँकी अन्तिम पृष्ठमा)

हिक्मतकुमार तेस्रोपटक मुख्यमन्त्री

विराटनगर, वैशाख २७। नेकपा एमाले नेता हिक्मतकुमार कार्की तेस्रोपटक कोशी प्रदेशको मुख्यमन्त्री नियुक्त भएका छन् ।

२४ पुस २०७९ माओवादी केन्द्र, राप्रपा र जसपाको समर्थनमा हिक्मत पहिलोपटक मुख्यमन्त्री बनेका थिए । तर केन्द्रमा नेपाली कांग्रेससँग समीकरण बनेर माओवादी केन्द्रले सरकार छाडेपछि १५ असार २०८० मा उनी सत्ताबाहिर पुगे । त्यसपछि नेपाली कांग्रेसका नेता उद्धव थापा दुईपटक मुख्यमन्त्री भए । एकपटक सभामुखको समर्थन लिएर मुख्यमन्त्री भएका उनी सर्वोच्च अदालतको आदेशमा पदमुक्त भए । दोस्रोपटक प्रदेशसभाको अध्यक्षता गरेका सांसदले विश्वासको मत नदिएपछि अदालतको आदेशमा पदमुक्त भए ।

थापालाई प्रदेशसभाको अध्यक्षता गरेका सांसद इस्राइल मन्सुरीले विश्वासको मत दिएको मुद्दामा

(बाँकी अन्तिम पृष्ठमा)

निर्माण सामग्रीको रूपमा उपचार गरिएको बाँसको फाइदाहरू
दिगोपन र स्थायित्व
निर्माणमा हल्का वजन
कीट र कीराहरूबाट प्रतिरक्षा
सुरक्षित र बलियो
वातावरण मैत्री र न्यून पर्यावरणीय प्रभाव
द्रुत वृद्धि र स्थानीय उपलब्धता
सांस्कृतिक महत्त्व
सस्तो र किफायती
तापमान अनि वातावरण अनुकूलता
“सस्तो, टिकाउ र वातावरणमैत्री बनाउन प्रसोधित बाँसको घर निर्माण गरौं।”
The Foundation.
Habitat for Humanity Nepal

बैंक तोडफोड गर्ने चार जना पक्राउ

झापा, बैशाख २७। मेडिकल व्यवसायी दुर्गा प्रसाइँ निकट मानिएका केही व्यक्तिहरुले एभरेष्ट बैंक र ज्योति विकास बैंकको बिर्तामोड शाखा कार्यालयमा तोडफोड गरेका छन् । ऋणीलाई ‘टर्चर’ दिएको भन्दै उनीहरुले दुईवटा बैंकमा तोडफोड गरेका हुन् । प्रहरीले तोडफोडमा संलग्न चार जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा बिर्तामोड-३ बस्ने २७ वर्षीय मनकुमार तामाङ, बिर्तामोड-५का ३४ वर्षीय अन्जेस राई (बुलेट किराँती), बुद्धशान्ति गाउँपालिका-४ बस्ने १६ वर्षीय दीपेश राई र बिर्तामोड-४का १८ वर्षीय पवन दुलाल रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

प्रसाइँ नेतृत्वको ‘राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान’ को युवा संगठन नागरिक युवा दस्ताको आयोजनामा भएको प्रदर्शनपछि बैंकमाथि आक्रमण भएको प्रहरीले जनाएको छ । नागरिक युवा दस्ताका झापा जिल्ला प्रमुख भीम तुम्बापोको नेतृत्वमा बिरोध प्रदर्शन भएको थियो ।

गएको वैशाख २५ गते एभरेष्ट बैंक र ज्योति विकास बैंकले ‘टर्चर’ दिएको भन्दै बर्दियाको राजापुरका खुशीराम चौधरीले आत्महत्या गरेको भन्दै प्रसाइँका कार्यकर्ता बिरोधमा उत्रिएका हुन् । लगभग एक सय ५० जनाको उपस्थितिमा कालो मास्क र नेपालको झण्डासहित विभिन्न बिरोधका नारा लगाउँदै उनीहरुले विरोध प्रदर्शन गरेका थिए ।

प्रदर्शनकारीले ज्योति विकास बैंकमा प्रवेश गर्न खोजेपछि प्रहरीले हस्तक्षेप गरेको थियो । उनीहरुले एभरेष्ट बैंक रहेको घरमा ढुङ्गा प्रहार गर्दा सो घरको १५, १६ वटा सिसा फुटेको प्रहरीले जनाएको छ । ज्योति बिकास बैंकमा भने क्षति नभएको प्रहरीले जनाएको छ ।

विभिन्न देश पठाइदिन्छु भन्दै ठगी गर्ने पक्राउ

काठमाडौं, बैशाख २७। वैदेशिक रोजगारमा आकर्षक तलबको प्रलोभन देखाई विभिन्न देश पठाइदिन्छु भनी ठगी गरेको अभियोगमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा गोरखा गण्डकी गाउँपालिका-२ बस्ने ३८ वर्षीय वकिलबहादुर आले र तनहुँ ऋषिङ-८ घर भई काठमाडौं महानगरपालिका-२६ गोंगबू बस्ने ३४ वर्षीय धर्मेन्द्र श्रेष्ठ रहेका छन् ।

पक्राउ परेकामध्ये वकिलबहादुरले क्यानडा पठाइदिन्छु भन्दै ६ जना पीडितहरूबाट ३६ लाख रूपैयाँ ठगी गरेको र धर्मेन्द्रले युके पठाइदिन्छु भन्दै २ जना पीडितहरूबाट ९ लाख ५० हजार रूपैयाँ ठगी गरेको खुल्न आएको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले वकिलबहादुरलाई जिल्ला प्रहरी कार्यालय गोरखाको समन्वयमा गोरखा गाउँपालिका-६ बाट र धर्मेन्द्रलाई काठमाडौं गोंगबूबाट पक्राउ गरेको हो । उनीहरूलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।

DishHome
Mission ८१
किन कुर्ने ८४ ?
मात्र रू. ३००० मा बर्षभरिको रिचार्ज
साथै Lucky Draw बाट थप १२ महिना सम्म नि:शुल्क डिशहोम हेर्ने पक्का मौका पनि।
किन कुर्ने ८४ ?
मात्र रू. ३००० मा बर्षभरिको रिचार्ज
Mission ८
थप जानकारीका लागि सम्पर्क:
ग्राहक सेवा केन्द्र:
NTC टोल नं: १६६० ०१ २२०००
Ncell नं: ९८०११५५०००
CDMA नं: ०१-४२१७६६६
अथवा
visit nearest Dealer दाई
FUND TRANSFER सेवा
DishHome को आधिकारिक बिक्रेताहरूमा उपलब्ध छ ।
www.dishhome.com.np/dealer
DishHome

‘झापाको पत्रकारिता आरम्भदेखि २०४०’ पुस्तकको परिचर्चा

झापा, बैशाख २६। झापाको बिर्तामोडमा आयोजित कार्यक्रमका सहभागी पत्रकारहरुले इतिहासका धरोहरलाई सधै सम्मान गर्नुपर्नेमा जोड दिएका छन् ।

‘झापाको पत्रकारिता आरम्भदेखि २०४०’ पुस्तकको विहीवार भएको परिचर्चामा सहभागी पत्रकारले अघिल्लो पुस्ताको योगदानको जगमा टेकेर नयाँ पुस्तालाई डोहोर्‍याउने दायित्व पनि रहेको बताएका छन् ।

नेपाल पत्रकार महासंघ झापा शाखाले राजधानीमा लोकार्पण गरेको उक्त पुस्तकमा ३०को दशकको अन्त्यसम्म क्रियाशील रहेका अग्रज पत्रकारहरुको संस्मरणात्मक जीवनी समेटिएको छ । पुस्तकमा २६ जना पत्रकारहरुको अन्तरबोध खण्ड, १३ जना पत्रकारको संस्मरण र आठ वटा अभिलेख खण्ड समेटिएका छन् ।

गोपाल गिरी र राजवावु शंकरले सम्पादन गरेको पुस्तकको परिचर्चा कार्यक्रममा नेपाल पत्रकार महासंघका संस्थापक महासचिव चन्द्र भण्डारी, शाखाका पूर्वअध्यक्ष चिन्तामणि दाहाल, अग्रज पत्रकार तथा साहित्यकार चूणामणि रेग्मी, नेपाल पत्रकार महासंघ कोशी प्रदेशका कोषाध्यक्ष बिमल लामिछाने, झापा शाखाका पूर्वसचिव सन्तोष आचार्यले झापा शाखाको यो कार्यकाल निक्कै उपलब्धिमूलक र प्रभावकारी भएको बताएका थिए ।

जिल्ला अदालत झापाका न्यायाधीश अशोककुमार बस्नेतको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा चूणामणि रेग्मीलाई दीर्घसेवी सम्मान प्रदान गरिएको थियो । पत्रकार महासंघ झापाले ६५ वर्ष उमेर पूरा भएका अग्रज पत्रकारलाई यसैबर्षदेखि औषधि उपचार खर्चसहित दीर्घसेवी सम्मान प्रदान गर्न थालेको हो ।

यसअघि शाखाको १४औं अधिवेशनमा अन्य अग्रज पत्रकारहरुलाई यो सम्मान प्रदान गरिएको थियो । नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यक्रममा शाखाका उपाध्यक्ष केशव भट्टराईले स्वागत र सचिव डिकेश लामाले सञ्चालन गरेका थिए ।

कपडा बरामद

झापा, वैशाख २६। भारतबाट भन्सार छलेर नेपाल भित्र्याइएको अन्दाजी १० लाख रुपैयाँ बराबरको कपडा र तीन लाख रुपैयाँको लाइटर प्रहरीले वरामद गरेको छ ।

प्रहरी चौकी तिरिङ र सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट तिरिङबाट खटिएको संयुक्त टोलीले बिहीबार बिहान ६ बजे मेचीनगर-१स्थित भालुखोपबाट कपडा बरामद गरेको हो । भन्सार छलेर भित्र्याइएको १० वटा बोराभित्र पर्दा कपडा १ हजार ७ सय ५८ थान र मोजा ३७८ थान रहेको जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी कृष्णकुमार चन्दले जानकारी दिए । बरामद गरिएको कपडा मेची भन्सार कार्यालय काँकरभिट्टा बुझाइएको छ ।

उता प्रहरीले लुकाएर राखेको अवस्थामा दुई लाख ९० हजार मूल्य बराबरको लाइटर नियन्त्रण लिएको छ । मेचीनगर नगरपालिका-७ धनकुटेबस्ती स्थित परालको कुन्यूमा लुकाईछिपाई राखेको अवस्थामा प्रहरीले उक्त मूल्य बराबरको २९ कार्टुन लाइटर नियन्त्रणमा लिएको छ । इलाका प्रहरी कार्यालय काँकरभिट्टा र सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म काँकरभिट्टाको संयुक्त प्रहरी टोलीले बुधवारसाँझ ६ बजेको समयमा लाइटर नियन्त्रणमा लिएको हो ।

४६ लाखसहित पक्राउ

काठमाडौं, बैशाख २७। काठमाडौंको ठमेलबाट प्रहरीले एक जना चिनियाँ नागरिक र एक जना नेपालीलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा ४५ वर्षीय चिनियाँ नागरिक याओ लिआङलिन र महोत्तरी घर भएका ३७ वर्षीय दीपेन्द्र श्रेष्ठ छन् ।

क्षेत्रपाटीस्थित जियाङ्ग सु होटलबाट पक्राउ गरिएको चिनियाँको साथबाट केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले ३७ लाख नेपाली रुपैयाँ, अमेरिकन डलर, थाइ भाट, भारतीय रुपैयाँ र चिनियाँ युआन बरामद गरेको छ । ठमेलस्थित होटल छेङ्दूबाट पक्राउ परेका दीपेन्द्र श्रेष्ठको साथबाट ९ लाख रुपैयाँ बरामद गरिएको सीआईबीका सूचना अधिकारी एसपी होविन्द्र बोगटीले बताए ।

खडेरीले ट्युबेलको पानी सुक्न थाल्यो

उदयपुर, वैशाख २७। यय वर्ष खडेरी परेपछि उदयपुरको त्रियुगा नगरपालिका क्षेत्रका विभिन्न स्थानमा गाडिएका ट्युबेल (कल)को पानी सुक्न थालेको छ ।

त्रियुगा-१२, ११, ३, १, २, ४ र ५ क्षेत्रका स्थानमा गाडिएका कलको जमिनमुनि पानीको सहत सुकेर घट्न थालेपछि पानी आउन छाडेको स्थानीयवासी बताउँछन् ।

त्रियुगा-१२ बुद्धचोकका स्थानीय धनबहादुर मगरले छिमेकीसहित घरमा गाडेको कलमा १० दिनदेखि पानी आउन छाडेको बताए । त्रियुगा-११ शिवालय टोलका देवराज कार्कीका अनुसार यसपटकको कडा खडेरीका कारण जमिनमुनि पानीको सहत घटेकाले २० फिट मुनिसम्म गाडेको ट्युबेलबाट पानी आउन छाडेको हो । खडेरीले जमिनमुनिको सतहबाट पानी झनै तल घट्दै जान थालेकाले वडा नं. १ जोगीदह क्षेत्रमा १७ देखि २० फिटमुनिसम्म गाडिएको ट्युबेलबाट केही दिनयतादेखि पानी आउन छाडेको स्थानीय कृष्ण ढुङ्गानाले बताए ।

त्रियुगा-२ खैजनपुर र वडा नं. ३ भुल्के मोतीगडा क्षेत्रमा खडेरीले जमिनको सतहभन्दा धेरै तल पानी घटेर झरेपछि गाडिएका कलबाट पानी आउन छाडेको नन्दीदेव चौधरीले बताए । वडा नं. ५ देउरी जलजले क्षेत्रमा पाँच दर्जनभन्दा बढी ट्युबेल सुकेका स्थानीय परमानन्द चौधरीले जानकारी दिए । चौधरीका अनुसार यस क्षेत्रमा १७देखि २० फिट गहिराइका कलबाट पानी आउने गरेकामा अहिले अधिकांश कल सुकेका छन् ।

गाईघाट डिएमगेटका ट्युबेल मिस्त्री पशुपतिदेव चौधरीका अनुसार यसपटक यस क्षेत्रमा खडेरीका कारण २५देखि ३० फिट गहिराइसम्म जमिनमुनि पानीको सहत घटेको छ ।

उनले यस क्षेत्रमा झण्डै पाँच सयभन्दा बढी ट्युबेलबाट पानी आउन छाडेको बताए । पानीको सतह सुकेर पानी आउन छाडेपछि कतिपय स्थानीयवासी नजिकैको इनारबाट पानी बोकेर खान बाध्य भएका स्थानीय स्थानीय रोजन चौधरीले बताए ।

डिसहोमको विभिन्न १५ वटा शहरहरुमा रोड-शो शुरु

ICC MENS T20 WORLD CUP
UEFA EURO2024 GERMANY

काठमाडौं, फागुन २७। २०८१ साल बैशाख २५ गतेबाट शुरु भइरहेको रेडियो अन-व्हील्स रोड-शो कार्यक्रमसँगको सहकार्यमा डिसहोमले आफ्नो सेवा-सुविधाहरुको प्रचारप्रसार गर्ने भएको छ ।

यस कार्यक्रममा विभिन्न मनोरञ्जनात्मक प्रस्तुतिहरु रहेका छन् । महिमा पण्डी भट्टराई, सञ्जोक बस्याल, दुर्गाराज पाण्डे, स्मिता राणा, प्रज्ज्वल खड्का र महेश लिम्बू प्रस्तोताको भूमिकामा रहने यस कार्यक्रममा शिव परियार, महेश काफ्ले, विश्व नेपाली, टीका प्रसाईं तथा सुमन कार्की लगायतका कलाकारहरुले आफ्नो प्रस्तुति दिने बताइएको छ ।

यो कार्यक्रम धरान बसपार्कमा २५ गते, २६ गते इटहरी, २७ गते दमकमा प्रस्तुत भएको छ । आज २८ गते बिर्तामोडमा, २९ गते बिराटनगरमा, ३० गते जनकपुरमा, ३१ गते वीरगञ्जमा, जेठ १ गते हेटौंडामा, २ गते नारायणघाटमा, ४ गते बुटवलमा, ६ गते धनगढीमा, ८ गते सुर्खेतमा, ९ गते नेपालगञ्जमा, ११ गते पोखरामा र १४ गते काठमाडौंमा आयोजना भइ समापन हुनेछ ।

नारी चेतनाको क्षमता अभिवृद्धि तालिम

अर्जुनधारा, वैशाख २७। झापाको अर्जुनधारा-८स्थित नारी चेतना समूहको आयोजनामा सञ्चालन भएको सात दिने क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ ।

ललितपुरस्थित टेवा नेपालको आर्थिक सहयोगमा आयोजित उक्त तालिम संस्थाका सञ्चालकहरुलाई संस्था सञ्चालनको लागि आवश्यक ज्ञान र सिप प्रदान गर्ने उद्देश्यले आयोजना गरिएको समूहकी अध्यक्ष पम्फादेवी विश्वकर्माले जानकारी दिइन् । समूहकी अध्यक्ष विश्वकर्माको अध्यक्षता र अर्जुनधारा नगरपालिकाकी उपप्रमुख खड्गमाया पराजुलीको प्रमुख आतिथ्यमा आयोजित समापन कार्यक्रममा सहभागीहरुलाई प्रमाण-पत्र वितरण गरिएको थियो ।

अर्जुनधारा प्रेस क्लबका सचिव एवम् अधिवक्ता नरेश खातीले सहजीकरण गरेको तालिममा १७ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा बिरीङ जलाधार क्षेत्रका केन्द्रीय अध्यक्ष छविलाल शिवाकोटी, अर्जुनधारा प्रेस क्लबका अध्यक्ष रमेश समदर्शी, पातञ्जल योग समिति अर्जुनधाराकी उपाध्यक्ष चन्दा ढुङ्गेललगायतले मन्तव्य राखेका थिए ।

सहभागीहरुको तर्फबाट बालकुमारी रसाइलीले तालिमको अनुभव प्रस्तुत गरेको कार्यक्रममा स्वागत समूहकी उपाध्यक्ष डम्बरकुमारी सत्यालले गरेकी थिइन् । उक्त कार्यक्रमको सञ्चालन समूहकी सचिव पूर्णिमा सिटौलाले गरेकी थिइन् ।

झापामा ...

भनाइ छ । हात्तीलाई गोली हानेर मारिएको रहेछ- पाठकले भने- मेरै संयोजकत्वमा छानविन समिति बनेको थियो, ‘केस स्टडी’ गर्दा हात्तीलाई गोली हानेर मारेको पाइएपछि मारिएको हात्तीको पोष्टमार्टम पछि सामुदायिक बनमा नै खाल्डो खनेर पुरियो । मारिएको हात्तीको दाह्रा र पुच्छर नहुनुले झापामा हात्ती तस्करी गर्ने समूह रहेको पुष्टि हुन्छ पाठकले भने- हामी हात्ती मार्ने गिरोहको सूक्ष्म ढंगले खोजी गरिरहेका छौं ।

गत वैशाख ३ गते मृत फेला परेको हात्ती जिल्लामा मारिएको पहिलो भने होइन । यहाँ विद्युतीय सौर्य तारबारमा परेर र पारिएर पनि धेरै हात्ती मरेका छन्- पाठकले भने- तर प्रमाण नजुट्दा हात्ती मार्ने कार्यमा सम्लग्नलाई कारवाही गर्न भने सकिएको छैन । मेचीनगरमा हात्ती मार्न भरुवा बन्दुकको प्रयोग गरिएको प्रारम्भिक अध्ययनले देखाएको बताइएको छ । मृत हात्तीको पोष्टमार्टमका क्रममा हात्तीको कान छेउको भागमा गोली लागेको र टाउकोमा गोली भेटिएको पाठकले बताए ।

यता २०६८ सालदेखि गत आर्थिक वर्षसम्म हात्तीको आक्रमणमा परी मारिएका परिवारलाई ७ करोड १९ लाख ७० हजार ६ सय ९७ रुपैयाँ राहत वितरण गरिएको छ । चालू आर्थिक वर्षमा मात्र हात्तीले ७ जनाको ज्यान लियो । हात्तीको उपद्रोका कारण अर्वौं रुपैयाँको धनमाल क्षति भएको छ भने हात्तीबाट हालसम्म झापामा ५ सय ३२ वटा घटना घटेको छन् । जस बापत एक करोड २६ लाख रुपैयाँ राहत वितरण गर्न अझैं बाँकी रहेको डिभिजन वन कार्यालय झापाले जनाएको छ ।

हात्तीको आक्रमणमा परी मृत्यु हुनेको परिवारलाई हाल राज्यले १० लाख रुपैयाँ राहत रकम उपलब्ध गराउँदै आएको छ । २०७४ असार अघि ५ लाख रुपैयाँ प्रदान गरिँदै आएको थियो । २०७१ साल असोज २५ गते अघि ३ लाख र त्यस अघि हात्तीको आक्रमणमा परी मृत्यु हुनेको परिवारलाई एक लाख ५० हजार रुपैयाँ राज्यले राहत रकम प्रदान गरिँदै आएको थियो ।

हिक्मतकुमार...

सर्वोच्च अदालतले थापा पदमुक्त हुने र ठूलो दलको संसदीय दलको नेताको हैसियतमा हिक्मतकुमार कार्की मुख्यमन्त्री नियुक्त हुने आदेश दिएको थियो । अदालतको आदेशपछि उनले दोस्रोपटक मुख्यमन्त्री हुने अवसर पाए । तर, प्रदेशसभामा विश्वासको मत लिन नसकेपछि उनले राजीनामा दिनु परेको थियो । आफूले राजीनामा दिएपछि कार्कीले नेपाली कांग्रेसबाट ८ सांसदसहित बिद्रोह गरेका केदार कार्कीलाई आफ्ना ३९ सांसदको समर्थन दिलाए ।

त्यसपछि केदार कार्की मुख्यमन्त्री भए पनि पुनः तत्कालीन सत्तारुढ घटक कांग्रेस र माओवादीलाई सरकारमा सामेल गराएपछि एमाले केदार कार्की सरकारबाट बाहिरियो । केन्द्रमा समीकरण फेरिएपछि २६ चैतमा एमाले र माओवादी केन्द्रले मुख्यमन्त्री कार्कीलाई दिएको समर्थन फिर्ता लिएर ७ वैशाखमा विश्वासको मत परीक्षणका लागि संसदबाट संकल्प प्रस्ताव पारित गरे ।

तर, मुख्यमन्त्री केदार कार्कीले विश्वासको मत लिएनन्, राजीनामा पनि दिएनन् । प्रदेश प्रमुखले दुई दिनको समय दिएपनि हिक्मतले बिहीबार बिहान मुख्यमन्त्रीमा दावी पेश गरे । लगत्तै प्रदेश प्रमुखले समर्थकको समर्थनपछि मुख्यमन्त्री नियुक्त गरे ।

यसैबीच उनले कोशी सरकारमा पहिलो चरणमा नेकपा एमालेका राम राना र नेकपा माओवादी केन्द्रका गणेश उप्रेतीलाई मन्त्री बनाएका छन् । एमाले र माओवादी केन्द्रका एक/एक जना मन्त्री सहभागी भएको माओवादी केन्द्रका एक नेताले जानकारी दिए ।

सरकार गठनविरुद्ध केदारको रिट

कोशी प्रदेशमा नयाँ सरकार गठनविरुद्ध परेको रिट सर्वोच्च अदालतमा दर्ता भएको छ । निवर्तमान मुख्यमन्त्री केदार कार्कीले दायर गरेको रिट सर्वोच्च प्रशासनले बिहीबार दिउँसो दर्ता गरेको हो ।

रिट निवेदनमा कार्कीले अन्तरिम आदेशमार्फत प्रदेश प्रमुखको आव्हानलाई बदर गर्न माग गर्नुका साथै आफूलाई मुख्यमन्त्रीमा निरन्तरता दिन माग गरेका छन् । रिटका सम्बन्धमा शुक्रबार नै पेशी तोकिएको छ । कार्कीको सर्वोच्चमा रिट दर्ता हुँदा कोशी प्रदेशको नयाँ मुख्यमन्त्रीमा एमाले प्रदेश संसदीय दलका नेता हिक्मतकुमार कार्की नियुक्त भइसकेका थिए ।

कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१/०१/२८ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले विराटनगर शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

ऋणी संस्थाको नाम : श्री धरणीधर बहुमुखी सहकारी संस्था लिमिटेड ।
रजिष्टर्ड ठेगाना : विराटनगर उप महा न.पा -१५, अलका टोल मोरङ । **दर्ता नं: ३/१/७(७२) ०५३/५४**

संचालक तथा जमानीकर्ताको विवरण

१) नाम :राम बहादुर घिमिरे श्रेत्री
(अध्यक्ष जमानीकर्ता)
बाबु : ईन्द्र बहादुर घिमिरे श्रेत्री
बाजे : गंगा भक्त घिमिरे श्रेत्री
ना प्र नं. : १७३०
ठेगाना : माल्टा ४, संखुवासभा
हालको ठेगाना : समरत चोक, विराटनगर ०१, मोरङ्ग

२) नाम : सूर्य बहादुर कार्की
(उपाध्यक्ष जमानीकर्ता)
बाबु : इन्द्रध्वोज कार्की
बाजे : रनधोज कार्की
ना.प्र.नं :३०२७/६८
ठेगाना : टकसार १,भोजपुर
हालको ठेगाना : भट्टाचोक, विराटनगर ०३, मोरङ्ग

३) नाम : लाल सुन्दर राई
(सचिव जमानीकर्ता)
बाबु : जगत बहादुर राई
बाजे : सूर्य बहादुर राई
ना.प्र.नं : ०५-०१-७६-०६८७८
ठेगाना : विराटनगर १, मोरङ्ग
हालको ठेगानाः खार्जी, विराटनगर ०४,मोरङ्ग

४) नाम : राजेन्द्र थापा
(संचालक जमानीकर्ता)
बाबु : मान बहादुर थापा
बाजे : कमानसिङ थापा
ना.प्र.नं :५६६००४८५७
ठेगाना : मधुमल्ला गा.पा ०९, मोरङ हालको ठेगाना : भट्टाचोक, विराटनगर १३, मोरङ्ग

५) नाम : निरा सुवेदी
(संचालक जमानीकर्ता)
बाबु : तुलसी सुवेदी
बाजे : खड्ग बहादुर सुवेदी
ना.प्र.नं : ०५१०३८/१२७
ठेगानाः वेलवारी ३, मोरङ्ग
हालको ठेगानाः भट्टाचोक, विराटनगर ३,मोरङ्ग

६) नाम : सुभद्रा कुमारी भट्टराई
(संचालक जमानीकर्ता)
बाबु : नन्द राज भट्टराई
बाजे : नन्दी राम भट्टराई
ना.प्र.नं :४६७३
ठेगाना : केरौन ०१, मोरंग
हालको ठेगाना : बनविभाग, विराटनगर ३, मोरङ्ग

धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :

१. श्री रनधोज कार्कीको नाती श्री इन्द्रध्वज कार्कीको छोरा मोरङ जिल्ला भोजपुर टकसार १,हाल विराटनगर ०३, भट्टाचोक बस्ने श्री सूर्य बहादुर कार्कीको नाममा मालपोत कार्यालय विराटनगर, मोरङमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला विराटनगर न.पा/गा.वि.स. वडा नं. ०१ ग, को कित्ता नं. २६५२ को क्षेत्रफल ०-१-६१/२-० घर/जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop

कृषि तथा पशुपन्छी बीमा क्षति मूल्यांकनकर्ता/ अभिकर्ता तालिम सम्बन्धी सूचना

यस कम्पनीलाई कृषि तथा पशुपन्छी बीमाको लागि बीमा प्राधिकरणबाट तोकिएको झापा जिल्लामा निम्न अनुसार कृषि तथा पशुपन्छी बीमा क्षति मूल्यांकनकर्ता/अभिकर्ताको तालिम आयोजना गरिएको हुँदा मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि वा वनस्पति वा पशुपन्छी सम्बन्धी विषयमा मूल्यांकनकर्ताको हकमा कम्तीमा दश जोड दुई वा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको तथा अभिकर्ताको हकमा एसएलसी वा एसईई उत्तीर्ण भई कृषि तथा पशुपन्छी बीमा क्षति मूल्यांकनकर्ता/अभिकर्ता तालिम लिई सो कार्य गर्न इच्छुक नेपाली नागरिकहरुबाट निम्न ठेगानामा सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपिसहित निवेदन दिनुहुन सूचित गरिन्छ ।

क्र. सं.	तोकिएका जिल्ला	तालिम सञ्चालन हुने मिति	तालिम सञ्चालन हुने स्थान	तालिमको लागि निवेदन दिने अन्तिम मिति	निवेदन दिने स्थान
१.	झापा, इलाम पाँचथर, ताप्लेजुङ	२०८१ जेठ २ गतेदेखि ४ गतेसम्म	विर्तामोड, झापा	२०८१ बैशाख ३१ गतेसम्म	नेको इन्सुरेन्स लि तत्कालीन मेची अञ्चलका जिल्लामा रहेका शाखाहरु सम्पर्क: ०२३ ५३०८३३

मूल्यांकनकर्ता

क्षति मूल्यांकनकर्ताको लागि योग्यता
१) नेपाली नागरिक
२) मान्यताप्राप्त शिक्षण संस्थाबाट कृषि वा वनस्पति वा पशुपन्छी वा जडीबुटी सम्बन्धी विषयमा कम्तीमा १०+२ वा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।
३) कुनै संस्थाले क्षति मूल्यांकनकर्ताको काम गर्न चाहेमा निम्न कुरा पूरा गरेको हुनुपर्नेछ ।
क) प्रचलित कानून बमोजिम दर्ता भएका कृषि कार्यसंग सम्बन्धित फर्म वा कम्पनी हुनुपर्ने ।
ख) संस्थाको उद्देश्यमा कृषि, पशुपन्छी तथा जडीबुटी, बीमाको क्षति मूल्यांकनकर्ता भई कार्य गर्ने भन्ने उल्लेख भएको हुनुपर्ने ।
ग) संस्थाको कुनै एक जना सञ्चालक वा पदाधिकारीका मुख्य व्यवस्थापक वा संस्थाको कार्यकारी प्रमुख भई कार्य गर्ने व्यक्तिले उपदफा (१) बमोजिमको योग्यता पूरा गरेको हुनुपर्ने ।
घ) यस उपदफाको खण्ड (ग) बमोजिम संस्थाको कुनै एक जना सञ्चालक वा पदाधिकारी वा मुख्य व्यवस्थापक वा संस्थाको कार्यकारी प्रमुख भई कार्य गर्ने व्यक्तिले तालिममा सहभागी भए पश्चात आफ्नो संस्थाका अन्य पदाधिकारीहरुलाई पुनः तालिम दिनुपर्नेछ ।

अभिकर्ता

१) वीमा अभिकर्ताको लागि शैक्षिक योग्यताः एसएलसी वा सो सरहको परीक्षा उत्तीर्ण गरी कृषि वा पशु वा वनस्पति विज्ञानमा कम्तीमा एक वर्षको तालिम प्राप्त गरेको वा सोभन्दा माथिल्लो योग्यता प्राप्त व्यक्ति हुनुपर्नेछ ।
२) निवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः
क) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि ।
ख) सोही तहको चारित्रिक प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि ।
ग) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
घ) पासपोर्ट साईजको फोटो ३ प्रति ।
ङ) स्थायी लेखा नम्बरको प्रतिलिपि (पान कार्ड ।)
३) संस्थागत बीमा अभिकर्ताको तालिम लिन चाहने संस्थाले संस्थाको हकमा निवेदनपत्र साथ संलग्न गर्नुपर्ने कागजातहरुः
क) सहभागी सञ्चालक पदमा बहाल रहेको । कुन मितिदेखि कुन मितिसम्म वहालमा रहेको प्रमाण खुल्ने आधिकारिक पत्र ।
ख) बीमा अभिकर्ताको तालिममा सहभागी हुने सम्वन्धि सञ्चालक समितिको निर्णयको माइन्युट उतार
ग) कम्पनीको प्रमाणपत्र तथा नियमावली, कम्पनी दर्ता प्रमाणपत्र, भ्याट प्यान दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
घ) निवेदन दिएको अघिल्लो आर्थिक वर्षसम्मको करचुक्ताको प्रमाणपत्र र लेखा परीक्षण भएको वित्तीय विवरण
ङ) सहभागी सञ्चालक पदाधिकारी व्यवस्थपकको न्युनतम शैक्षिक योग्यता पुगेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
च) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

नेको इन्सुरेन्स लि.
NECO INSURANCE LTD.
केन्द्रीय कार्यालय,
ज्ञानेश्वर, काठमाडौं, ०१-४५४२२६३

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

कुटनीतिक क्षमता देखाऊ

विदेशी मुद्रा आर्जन तथा राजश्व संकलनमा पर्यटन क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको छ । पर्यटन व्यवसाय देशकै आम्दानीका दृष्टिले सबैभन्दा महत्त्वको क्षेत्र हो । हामीसँग भएको प्रकृति प्रदत्त भौतिक अवस्था, हिमाल, पहाड, तराईमा रहेको जैविक विविधता, हावा, पानी, वनजंगल तथा जीवजन्तुहरुको विविध पर्यटकका लागि आकर्षणका विषय हुन् । त्यसबाहेक भूगोलका आधारमा रहेको सांस्कृतिक विविधता पनि पर्यटकलाई आकर्षित गर्ने अन्य आधार हुन् । त्यसैगरी हाम्रा आध्यात्मिक तथा धार्मिक सम्पदाले पनि विदेशीहरु नेपाल आउन लालयित रहन्छन् । प्रत्येक वर्ष आउने आन्तरिक तथा बाह्य पर्यटकको तथ्याङ्कले पनि पर्यटन देशकै राजश्व संकलनको प्रमुख आधार हो ।

हाम्रा हिमालहरु पर्यटकका लागि प्रमुख आकर्षण हुन भने पहिचान हुन नसकेका अन्य गन्तव्य स्थलहरुमा पनि पूर्वाधार निर्माण गर्न सकिए पर्यटकको संख्या अझै बढ्ने थियो । विविधतापूर्ण देशको परिचय बनाएको नेपाल विश्वकै पर्यटकीय गन्तव्य मध्येको एक हो । यहाँको प्राकृतिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक, वातावरणीय अनुकूलता र पर्यावरणीय विशेषताले पर्यटन उद्योगको सम्भावना पनि धेरै छ । पर्यटन प्रवर्द्धन मार्फत देशको ग्राहस्थ उत्पादन, प्रतिव्यक्ति आय, राष्ट्रिय बचत, रोजगारीको दर, शोधनान्तर स्थिति लगायतका आयामहरु निर्माण गर्न सकिन्छ । तर, सरकारले सेवा–सुविधामा विस्तार गर्न नसक्दा अपेक्षित लाभ लिन सकिएको छैन ।

सम्भावना भएर पनि नेपालमा पर्यटन क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान दिन सकेको छैन । पर्यटनलाई गरिबी निवारणसँग जोडेर जनताको जीवनस्तर उकास्नेतर्फ रणनीतिक कार्ययोजना नल्याउने हो भने अपेक्षित लाभ लिन सकिँदैन । त्यसका लागि सम्बद्ध निकाय प्रदेश तथा संघीय सरकारसँगै स्थानीय सरकारले पहल गर्नुपर्छ । देशकै पूर्वी प्रवेशद्वार भनिएको काँकरभिट्टा नाका हुँदै नेपाल आउने पर्यटकहरुको आगमन रोकिएको धेरै भयो । कोरोना महामारीका कारण बन्द गरिएका नाका अझै बाह्य पर्यटकलाई खुल्ला गरिएको छैन । भारतसँग छलफल गरेर नाका सुचारु गर्नेतर्फ नेपाल सरकारले चासो नदिंदा अझ भनौं कुटनीतिक क्षमता देखाउन नसक्दा नाका अझै बन्द रहेको छ । यसले भारतबाट नेपाल आउन चाहने भारत र भुटान बाहेकका नागरिक उतै फर्किनु परेको छ । त्यसलाई तत्काल समाधान गर्दै नेपालमा पर्यटकका लागि सेवासुविधा बढाएर पर्यटकलाई ल्याउने वातावरण बनाउन राज्यले पहल गर्नुपर्छ ।

वातावरणीय प्रदूषणका असर

डा. देवराज अर्याल

विश्वव्यापी चासोका रूपमा रहेको जलवायु परिवर्तन र वातावरणीय प्रदूषणको मुद्दा नेपालका लागि गम्भीर चुनौतीको विषय बनेको छ । वातावरणीय प्रदूषणले पार्ने गहिरो असर र प्रभावको प्रतिविम्ब नेपालका विभिन्न भौगोलिक क्षेत्रमा नाटकीय रूपमा देखापर्न थालिसकेको छ । विशेषगरी नेपालका हिमाच्छादित क्षेत्रमा हिँउको मात्रा पग्लँदै गएर सेता हिमाल कालो अनुहारमा देखिन थालेका छन् भने त्यसको बदलामा हिमतालको संख्या अप्रत्याशित रूपमा वृद्धि हुँदै गएको छ ।

यतिमात्र होइन, नेपालको उत्तरतर्फको हिमाली क्षेत्रमा हिमतालको आकार र क्षेत्रफल पनि क्रमिक रूपमा विस्तारित हुन पुगेको छ । हिमतालको सङ्ख्या र आकारमा आएको फैलावटसँगै कुनै पनि हिमताल आकस्मिक रूपमा विस्फोट हुन सक्ने जोखिम बढेको छ । त्यसैगरी पहाडी भूगोल र धरातल दिनप्रतिदिन क्षयीकरणको प्रकोपमा परी थप उजाड बन्दै गएका छन् । यता तराई प्रदेशका उर्वर जमिन सुक्खड बन्दै गएका छन् । यहाँनेर उल्लेखनीय पक्ष के छ भने वातावरणीय प्रदूषणका कारण धरातलीय संरचनामा देखापरेको ह्रास र बदलावसँगै मानवीय बस्ती, जैविक समुदाय र पारिस्थितिक प्रणालीमा समेत गम्भीर क्षति हुन पुगेको छ ।

विश्व परिप्रेक्ष्यमा अध्ययन गर्ने हो भने जलवायु परिवर्तनका कारण अहिले दुई अर्ब हेक्टरभन्दा बढी जमिन क्षय भएको छ । त्यसैगरी सन् २००० भन्दायता विश्वमा खडेरीको संख्या र यसको अवधि २९ प्रतिशतले बढेको तथ्याङ्क सार्वजनिक भएको छ । यसको अर्थ अत्यधिक तातोका कारण भूमिको क्षयीकरण, मरुभूमीकरण र खडेरीको मात्रा अप्रत्याशित रूपमा वृद्धि भयो भन्ने हो । जसको परिणामस्वरूप १० लाखभन्दा बढी वनस्पति, जनावर र अन्य जीवित अवयव मेटिने जोखिममा छन् ।

दूषित हावा र रासायनिक प्रदूषणले गर्दा हाम्रो भूमि, समुद्र र स्वास्थ्यलाई अत्यधिक मात्रामा खतरामा पारेको छ । त्यसैगरी विभिन्न प्रकारका इकोसिस्टम सङ्कटमा पर्दै गएका छन् । विशेषगरी जङ्गल, खेतबारी, घाँसे मैदान, नदीताल, महासागर, सवाना र पहाडको पारिस्थितिक प्रणाली उच्च जोखिममा छन् । यद्यपि वातावरणीय क्षति र जोखिमको मात्रा जुन रफ्तारमा चुलिँदै गएको छ, त्यसको तुलनामा वातावरणीय सचेतना र वातावरण संरक्षणका प्रयत्न कछुवाको गतिमा घस्रिरहेका छन् ।

अहिलेको वातावरणीय समस्या भनेको जलवायु परिवर्तनको एउटा उपक्रम हो । तथापि वातावरणीय समस्या उत्पन्न हुनुमा प्रकृति मात्र कारकका रूपमा रहेको छैन । मानवीय गतिविधि र व्यवहार पनि त्यत्तिकै जिम्मेवार छ । जसको ज्वलन्त दृष्टान्तका रूपमा विश्वव्यापी उष्णतामा आएको वृद्धिलाई लिन सकिन्छ । यही विश्वव्यापी उष्णतालाई जलवायु परिवर्तनको भाषामा ग्लोबल वार्मिङ भनिन्छ । आज आर्थिक समृद्धिका लागि अत्यधिक मात्रामा कार्बनजन्य पदार्थको उपभोग गर्दा ग्लोबल वार्मिङको मात्रा उल्लेखनीय बिन्दुमा देखिएको छ ।

यसमा जीवाश्म इन्धन-कोइला, तेल र ग्यासको बढी भूमिका रहेको छ । उल्लिखित इन्धनको प्रयोग र उपभोगले आजको विश्वमा हरितगृह ग्यास उत्सर्जनको ७५ प्रतिशत र सबै कार्बनडाइअक्साइड उत्सर्जनको लगभग ९० प्रतिशत योगदान गरिरहेका छन् । यस कार्यमा प्रत्यक्ष भूमिका मानवीय, गतिविधि र व्यवहारको छ । मानिसबाटै वातावरण र सिङ्गो पृथ्वीमाथि पर्न गएको जोखिमको अवस्थाबाट पार लगाउनुपर्ने हुन्छ ।

संयुक्त राष्ट्रसङ्घको वातावरणीय कार्यक्रमको सिद्धान्त अनुसार 'मानिसले गर्ने हरेक कार्य, चाहे त्यो सानो होस् वा ठूलो, पृथ्वीका लागि ज्यादै महत्वपूर्ण हुन्छ ।' त्यसको भएको हुँदा पृथ्वी, वातावरण, मानव, वनस्पति, जनावर र अन्य जैविक विविधताको संरक्षणका लागि सबैले आ-आफ्नो तहबाट केही न केही सकारात्मक कामको थालनी गर्नुपर्ने बेला आएको छ ।



यस कार्यमा सबैभन्दा बढी भूमिका विकसित र ठूला देशको हुने गर्दछ । अत्यधिक मात्रामा कार्बन उत्सर्जन गर्ने मापदण्डको आधारमा निर्णय गर्दा पनि सर्वाधिक दायित्व र जिम्मेवारी विकसित देशको नै हुन्छ । तथापि पृथ्वीको सदस्य भएको नाताले सामान्य नागरिकले पनि आफ्नो तहबाट गर्न सक्ने भूमिकालाई दायित्वकै रूपमा आत्मसात् गरेर केही न केही काम गर्नुपर्ने बेला आएको छ । अन्यथा भोलिको दिनमा पृथ्वी, मानव र जैविक विविधतामा आइपर्न सक्ने अस्तित्व रक्षाको सङ्कटबाट कोही पनि मुक्त हुन सक्दैन ।

जलवायु परिवर्तनले सिर्जना गर्ने विपत्ति, प्रकृतिको नोक्सानी र हावा, पानी र माटो लगायतका क्षेत्रमा भइरहेका घातक प्रदूषण सर्वाधिक हानिकारक छन् । यसबाट जोगिन कार्बन उत्सर्जनको मात्रामा जसरी पनि न्यूनीकरण गर्नुपर्ने हुन्छ । यसका लागि अपनाउनुपर्ने आजको महत्वपूर्ण रणनीति भनेको जनचेतना अभिवृद्धि नै हो । जनचेतना अभिवृद्धिका लागि विकास सञ्चारको सिद्धान्त परिपालना गर्नुपर्ने हुन्छ ।

यहाँनेर विकास सञ्चार भनेको सकारात्मक सामाजिक परिवर्तन र दिगो विकासको उद्देश्य हासिल गर्न मिडिया (छापा, रेडियो, टेलिभिजन, अनलाइन) वा शिक्षा (विद्यालय शिक्षा, साक्षरता, प्रशिक्षण)सँग व्यवस्थित वा रणनीतिक रूपमा हस्तक्षेप गर्ने प्रक्रिया हो । मिडिया र शिक्षा क्षेत्रमा प्रयोग गरिने यस्ता रणनीतिले दिगो विकासको पक्षमा जनमत निर्माण गर्न चामत्कारिक आधार प्रदान गर्ने गर्दछ । त्यसो भएको हुनाले वातावरणीय चेतना र जलवायु प्रदूषणबिरुद्ध जनचेतनाको स्तर अभिवृद्धि गर्न पनि विकास सञ्चारको मोडल कार्यान्वयनमा ल्याउन वाञ्छनीय हुन्छ ।

वातावरणीय क्षेत्रमा सकारात्मक प्रयासको थालनी गर्दा सानोभन्दा सानो कामलाई प्राथमिकतामा राख्दा पनि त्यसको प्रतिफल अर्थपूर्ण हुन्छ । उदाहरणका रूपमा प्लास्टिक र प्लास्टिकजन्य वस्तुको प्रयोगलाई न्यूनीकरण गर्ने नै लिन सक्छ । अहिले विश्वमा प्लास्टिक र प्लास्टिकजन्य वस्तुको उत्पादन, उपभोग र प्रयोगको कारणले गर्दा हाम्रो पृथ्वीमा प्लास्टिकरूपी विशाल पहाड खडा भएको छ । प्लास्टिक जमिन याने कि 'पृथ्वी' प्रदूषणको सबैभन्दा प्रमुख कारण हो ।

प्लास्टिक आफैँमा नकुहिने फोहोर भएको हुनाले यसको असर माटोको उर्वरा शक्तिमा पर्ने त रहन्छ नै, त्योभन्दा पनि गम्भीर प्रभाव सम्बन्धित जमिनको इकोसिस्टम समाप्त हुन पुग्छ । आज विश्वका धेरै जमिन इकोसिस्टम जोखिमको दोसाँधमा रहेका छन् । हुन त २०२४ मा प्लास्टिकका वस्तुको प्रयोगमा रोक लगाउने एजेन्डामा विश्वका देश सहमत भएका हुन् । तथापि यसलाई पूर्णतः विस्थापित गर्नेतर्फ ठोस पहल हुन सकेको छैन । कम्तीमा प्रयोगकर्ताका रूपमा सर्वसाधारण नागरिकले यस विषयमा आफूलाई जानकार बनाई तदनुरूपको अभ्यास विकास गर्न सक्यो भने पनि यस क्षेत्रमा महत्वपूर्ण प्रतिफल प्राप्ति हुने छ । यसका लागि पनि विकास सञ्चारको आवश्यकता परेको हो ।

पछिल्लो समयमा हाम्रो वायुमण्डल अप्रत्याशित मात्रामा प्रदूषित भइरहेको छ । वायुमण्डल प्रदूषित भएका कारण हाम्रो वरपरको वातावरण फोहोर हावाको अभिशरणको चक्रमा फस्न पुगेको छ । राष्ट्रसङ्घको अध्ययन अनुसार अहिले विश्वमा वायुमण्डलीय प्रदूषणका कारण अहिले विश्वको ९९ प्रतिशतभन्दा बढी जनसंख्याले असुरक्षित सास फेर्न बाध्य भइरहेको छ । जसका कारण प्रत्येक वर्ष सात मिलियन मानिसको अकालमा मृत्यु हुने गरेको छ । फोहोर हावाको कारणले गर्दा मुटु, फोक्सोमा विभिन्न प्रकारका रोगका साथसाथै क्यान्सर र स्ट्रोक समेत हुने गरेको अध्ययनमा देखिएको छ ।

साथसाथै वायुप्रदूषणको कारणले गर्दा प्राकृतिक वातावरणमा पनि उत्तिकै हानी पुऱ्याउने गरेको छ । हाम्रा नदीनाला, महासागरमा अक्सिजनको आपूर्ति घटाउने, बोटबिरुवालाई हुर्कन र बढन गाह्रो बनाउने तथा अन्य जलवायु सङ्कटमा विशेष योगदान पुऱ्याउने काम वायुप्रदूषणको कारणले भइरहेको छ । यस सवालमा कम्तीमा नागरिकको तहबाट सचेतनासहितको आवाज उठ्न सक्यो भने नियन्त्रणको अभियानका निश्चित रूपमा योगदान पुग्ने अपेक्षा गर्न सकिन्छ ।

नागरिकको तहबाट गर्न सकिने अर्को सरल काम भनेको वृक्षरोपण, बोटबिरुवाको संरक्षण र सुरक्षण हो । पर्यावरणीय सन्तुलनको सन्दर्भमा बोट, बिरुवा र रुखहरूसँग अपार क्षमता रहेको हुन्छ । पहिलो काम त यिनीहरूले वायुमण्डलबाट आउने कार्बन लगायत विभिन्न प्रकारका पदार्थको अवशोषण गर्दछन् । त्यसैगरी पृथ्वीमा रहेको माटोको सुरक्षा गर्ने र माटोलाई उर्वर बनाउने काम पनि यिनीहरूको केन्द्रीय भूमिका रहेको हुन्छ ।

यतिमात्र होइन, विभिन्न प्रकारका जनावर, चरा, सरिसृप र जीवलाई आश्रय दिन्छन् । यसै गरी क्षतिग्रस्त इकोसिस्टमलाई पुनर्स्थापना गर्न पनि रुख, बोटबिरुवाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सतही रूपमा विश्लेषण गर्दा रुख, बोटबिरुवाको भूमिका हामीलाई सामान्य जस्तो लाग्नु स्वाभाविक हो । वातावरण सङ्कटमा परेको वर्तमान समयमा अलिकति मात्र पनि वृक्षरोपण, संरक्षण र सुरक्षण कार्यमा काम गर्न सकियो भने त्यसले दिने फाइदा बहुमूल्य छ ।

संयुक्त राष्ट्रसङ्घको वातावरणीय कार्यक्रमले नीतिगत मापदण्ड र आधार तर्जुमा गरेको छ । यो पक्षलाई नागरिकको तहबाट पनि त्यत्तिकै गम्भीरताका साथ परिपालना गर्नु आवश्यक छ । त्योभन्दा पनि महत्वपूर्ण कुरा भनेको नागरिकले वातावरणीय समस्याको विषयमा सचेत भई कार्बन उत्सर्जनका कारक देश, उद्योग र संस्थालाई निरन्तर खबरदारी गर्नु आवश्यक छ । आजको सन्दर्भमा वातावरण र जलवायु प्रदूषणको सवाल यत्तिमै सीमित रहेको छैन, यसको साइड इफेक्ट अर्थ, राजनीति र सामाजिक क्षेत्रसँग पनि प्रत्यक्ष रूपमा जोडिन पुगिसकेको छ । वातावरणीय प्रदूषणको गम्भीरताप्रति मानसिक रूपमा नै प्रोएक्टिभ भएर लाग्नुपर्ने बेला आएको छ । *गोप*

गर्मीको साथी सातु सर्वत

सातु खाने प्रचलन निकै पुरानो मानिन्छ । परा पूर्व कालदेखि सातु खाने चलन थियो । पहाड, तराई या हिमालमा समेत यसको महत्व आ-आफ्नै छ । ठाउँ अनुसार सातु पनि फरक-फरक तरिकाले तयार गर्ने प्रचलन छ । सातु आफैँमा एक सर्वोत्तम भोजन मानिन्छ । बालकदेखि बुढाबुढी सबैलाई स्वास्थ्यबर्द्धक सातुका गुणकारी भोजन हो ।

गर्मी मौसमा त झन् सातु सर्वत अम्रित सरह नै हुन्छ । ग्रामीण भेगमा त सातु सर्वतको छुट्टै महत्व छ । गाउँ-गाउँमा कोल्ड ड्रिङ्सले सातु सर्वतलाई विस्थापित गर्दै लगेता पनि पछिल्लो समय अर्ग्यानिक परिकारको खोजी गर्दै आफ्ना मौलिक परिकार नै उत्तम सावित भएका छन् । बजारिया पेयपदार्थ गाउँ-गाउँमा फिजिएपछि सातु सर्वत लोप हुने स्थितिमा पुगेको थियो ।

समयसँगै नेपाली रैथाने परिकार र पेयपदार्थको खोज र अनुसन्धान हुँदै गयो । आफ्नै गाउँघरका मौलिक र लोक परिकार स्वास्थ्यबर्द्धक र उपयोगी सावित भएका छन् । सातुको महत्व बुझ्दै गर्दा धेरैले व्यवसायिका रुपमा सातु उत्पादन गर्न थालेका छन् । अहिले बजारमा थरिथरिका ब्राण्डमा सातु उपलब्ध छन् । मौलिक सातु उत्पादन गर्ने दर्जनौं संस्थाहरु बजारमा प्रतिपर्धा गरिरहेका छन् ।

सातुको महत्व आयुर्वेदमा समेत प्रष्ट परिएको छ । सवैभन्दा स्वस्थकर भनेको परम्परागत रुपमा बनाइने सातु नै हो । जुन माटोको हाँडीमा ग्रेन्स भुटेर ढुंगाको जाँतोमा पिसिन्थ्यो र ताजा-ताजा खाने गरिन्थ्यो । अहिले व्यवसायिक रुपमा बनाइने सातु धेरै दिन बजारमा रहने हुँदा यसको आयुमा धेरै कमी आएको हुन्छ । बोराका बोरा मेसिनमा पिसिने हुँदा बजारको सातुमा फाइबर पनि कमै पाइन्छ ।

सातु लामो यात्रामा हिँड्दा वा कामकाजमा सधैं ब्यस्त हुनेहरुले नियमित रुपमा सेवन गर्ने परमपरा रहेको छ । उच्च पोषक तत्व पाइने हुँदा सातु धेरैको साथी बनेको हुन्छ । पानी, दूध या दही मही जेसङ्ग खाँदा पनि स्वादिष्ट र पोषणपूर्ण हुने हुँदा पनि सातु पछिल्लो समय लोकप्रिय छ । छिटो, मिठो र सहज उपलब्ध हुने हुँदा यो मौलिक परिकार दिनानु दिन माग बढेर गएको छ ।

कसरी बन्छ सातु सर्वत ?

सातु सर्वत नेपालमा मात्र नभइ भारतका बिभिन्न राज्यमा लोकप्रिय छ । सितलताका लागि पनि सातु निकै राम्रो पेयपदार्थ मानिन्छ । गर्मीयाममा चनाको सातु, कागती र चिसो पानी घोलेर पिउँदा पनि पर्याप्त सितलता उपलब्ध हुन्छ । कुनै पनि सातुमा दूध वा दही घोलेर खादा पनि स्वादिसष्ट र पोषिलो हुन्छ । दही केरामा पनि सातुको स्वाद उत्तम हुन्छ ।

सर्वतको रुपमा पिउँदा पनि सातुलाई नुन, पानी र कागतीको साथमा उत्तम हुन्छ । गुलियो मन पराउनेले सख्खर, मिस्री, मह वा फ्रुट मिसाएर पिउँदा उत्तम हुन्छ । मकै, भटमास, गहुँ, चना, केराउ, जौ भुटेर बनाइएको सातुलाई उत्तम र सर्वप्रिय सर्वोत्तम सातु मानिन्छ । घरेलु रुपमा तयार गरिएको सातु सेवन गर्दा झन् सुरक्षित र स्वास्थ्यका हिसाबले उत्तम मानिएको छ ।

शारीरिक व्यायाम गर्ने, खेलाडी, सैनिक, जिम गर्ने र कडा परिश्रम गर्नेका लागि सातु सर्वत उत्तम पेय पदार्थ हुन्छ । सातुले तत्काल ऊर्जा दिन सहयोग गर्ने हुँदा बिहान जिम, ब्यायाम र योगा गर्नेहरुले पनि सातु सर्वत पिउने प्रचलन छ । गाउँघरमा बिहानै मेलापात, घाँस दाउरा गर्नेहरुले पनि नियमित सातु सर्वत पिउने गरेको पाइन्छ ।

स्कूल तथा कलेज अध्ययन गर्ने विद्यार्थीहरुले पनि नियमित रुपमा सातु सर्वत सेवन गर्न सकिन्छ । पानीको तुम्लेटमा सातु सर्वत घोलेर दिउसोभर थोरै-थोरै पिउँदा पनि उत्तम हुन्छ । बच्चाहरुका लागि सातु सर्वत पिउन पल्काउनका लागि काजु, बदाम, स्ट्रबरी सिरप मिसाएर सर्वत बनाउन सकिन्छ ।

किन खाने सातु सर्वत ?

सातु सर्वत पिउनु मानव स्वास्थ्यका लागि हितकारी मानिन्छ । गर्मी मौसममा यसले सितलता प्रदान गर्छ । प्रायः सबै मौसममा सहज र सस्तोमा पाइने हुनाले सबैको पहुँच हुन्छ । कुनै समय सातु र सातुबाट बन्ने परिकार गरीबको परिकार भनेर चिनिन्थ्यो, तर अहिले ठूला-ठूला सुपरमार्केटमा ब्राण्ड-ब्राण्डमा पाइन्छ । शहरमा पनि यसलाई धेरैले रुचाएका छन् ।

सातुको सर्वत मात्र होइन, बिभिन्न मिठाइ, लड्डु र लिटो समेत बनाएर खुवाउने गरिन्छ । फरक-फरक स्वादका ताजा या क्यानका जुसमा पनि सातु मिसाएर पिउने चलन छ । सातु सर्वतले कब्जियत हटाउन सहयोग गर्छ । पाचन प्रणालीलाई तन्दरुस्त राख्न मद्दत गर्दछ । मोटोपन घटाउन र रक्तचाप नियन्त्रणमा राख्न पनि सातु सर्वतको राम्रो भूमिका रहन्छ ।

शरीरमा रहेको अनावश्यक बिकार(टक्सिन) निस्कासन गर्न पनि सातु सर्वतले राम्रो भूमिका खेलेको हुन्छ । बिहानको खाली पेटमा सातु सर्वत सेवन गरेर व्यायाम या काममा निस्कदा तत्काल शक्ति प्रदान हुन्छ । जौको सातु सर्वत त झन् मस्तिष्कका लागि अमृत सरह नै मानिएको छ । जिम गर्नेहरुका लागि ऊर्जा दिन पनि सातु सर्वत उपयोगी मानिन्छ ।

सातुले दिने पोषण आधुनिक तयारी प्याकेटका परिकारले दिन नसक्ने बिज्ञहरुको भनाइ छ । चाउचाउ, पाउरोटी, बिस्कुट्, दालमोठ, भुजा जस्ता परिकारले सातुको महत्व घटेता पनि पछिल्लो समय मौलिक खानाको महत्व बुझ्नेहरुले सातुको यसको प्रयोग बढेको छ । बालबालिका, वृद्ध, वयस्क, गर्भवती, खेलाडी र व्यायाम गर्नेहरुका लागि सातुका फरक-फरक प्याकमा पाइने हुँदा सबैको आ-आफ्नै महत्व र फरक स्वाद हुन्छ । कुनै पनि कृत्रिम नमिसाइ बनाइने यस्ता सातुको सर्वत बनाउँदा स्वास्थ्यका लागि गुण्कारी सावित भएका छन् ।

‘वैकल्पिक ऊर्जाको प्रयोग सम्बन्धी सहाराको अभिमुखिकरण

इलाम, बैशाख २७। सहारा नेपाल साकोस लि. सेवा केन्द्र इलामले ‘वैकल्पिक ऊर्जा प्रयोगमा सदस्यको पहुँच र प्रयोग वृद्धि’भन्ने विषयमा एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ ।

सेवा केन्द्र इलामको कार्यालयमा भएको कार्यक्रममा संस्थाको सञ्चालक समितिले आफ्ना सदस्यलाई वैकल्पिक ऊर्जाको महत्व बुझाई यसबाट हुने फाइदाहरुको बारेमा जानकारी गराउँदै विद्युतीय चुल्होको प्रयोगमा उत्प्रेरित गर्ने, वैकल्पिक ऊर्जाका प्रविधिहरु जडान, काममा सहज तथा सरल गराई सदस्यहरुको खर्च घटाउने कार्यमा मद्दत पुग्ने विश्वास लिइएको सहारा नेपााल साकोस सेवा केन्द्र इलामका प्रमुख केपी लुइँटेले जानकारी दिए ।

सेवा केन्द्रमा आबद्ध सदस्यहरुलाई हरित ऊर्जा ऋण अन्तर्गत (बाल्ट्रा कम्पनीका सामग्रीहरु) विद्युतीय चुल्हो, प्रेसर कुकर, फ्राइपेन, कराई र दिउरे गरी जम्मा पाँच वटा सामग्रीलाई प्याकेजको रुपमा बजार खुद्रा मूल्यभन्दा सस्तो र सहजरुपमा उपलब्ध गराउन शुरु गरिएको बताइएको छ ।

वातावरणमैत्री, समयको बचत, आर्थिक भार कम, एलपीग्यासको मूल्य घटबढ तथा पूर्ति अभावले जनजीवनमा पार्ने प्रतिकुल प्रभावका समयमा समेत सहजता हुन सक्ने, वजार मूल्यभन्दा कम मूल्यमा उक्त सामानहरु सहारा नेपाल साकोसमा आबद्धले मात्र प्राप्त गर्ने गरी आफ्ना अधिकतम् सदस्यहरु माझ यो कार्यक्रम पुऱ्याउन संस्थाका कार्यकारी प्रमुख महेन्द्रकुमार गिरीको परिकल्पनाका साथ काम भइरहेको बताइएको छ ।

आफ्नो अनुगमन कार्यालय मातहतका सेवाकेन्द्रबाट सदस्यहरुलाई उपलब्ध गराउन थालिएको सहारा नेपाल साकोस अनुगमन कार्यालय इलामका अनुगमन अधिकृत तोयानाथ आचार्यले बताए ।

कार्यक्रममा सहारा नेपाल साकोसले विगतदेखि समुदायमा आधारित रहेर आफ्ना सदस्यलाई विभिन्न पेशा व्यवसायका लागि विभिन्न क्षेत्रमा पुऱ्याउँदै आएका विभिन्न वित्तीय सेवाहरु व्यवसायी कर्जा, युवा स्वरोजगार अन्तर्गतको अटो कर्जा आदि उपलब्ध गराउदै आएकोमा हाल वैकल्पिक ऊर्जा प्रयोगको क्षेत्रमा ‘वैकल्पिक ऊर्जा प्रयोगमा सदस्यको पहुँच र प्रयोग वृद्धि’ अभियानको रुपमा कार्यक्रम सञ्चालन भइरहेको बताइएको छ । हरित ऊर्जा ऋण अन्तर्गत रहने गरी इलाम नगरपालिकाका विभिन्न वडा तथा सन्दकपुर गाउँपालिकाको वडा नं. १ मा रहेका हालसम्म ५० जना सदस्यलाई विद्युतीय चुल्हो (इन्डक्सन चुल्हो) तथा सामग्रीहरु उपलब्ध गराई सकिएको जनाइएको छ ।

जेठ दोस्रो सातासम्ममा करिब एक सय जना सदस्यहरुलाई थप उपलब्ध गराउने गरी नाम संकलन गर्न थालि सकिएको सेवा केन्द्र इलाम प्रमुख लुइँटेलले जानकारी दिए । सेवा केन्द्रमा कार्यरत कर्मचारीहरु सम्झना गुरुङ्ग, अनुप रिजाल, सरस्वती कार्की तथा पशु प्राविधिक दिपक पाठकको व्यवस्थापनमा भएको कार्यक्रममा ओम साई ट्रेडर्स बाल्ट्राडिलर बिर्तामोडका प्रतिनिधि पंकज खरेलले सहजीकरण गरेका थिए ।

दुर्घटना रोक्न समुदाय केन्द्रित ट्राफिक सचेतना

सुरुङ्गा, बैशाख २७। दुर्घटना न्यूनीकरण गर्न जिल्ला ट्राफिक प्रहरी कार्यालयले ट्राफिक सचेतना शिक्षा शुरु गरेको छ ।

विशेषगरी पूर्व-पश्चिम राजमार्गसहित जिल्लाका सहायक सडकखण्डमा गुड्ने सवारीसाधनलाई लक्षित गर्दै ट्राफिक प्रहरीले सचेतना शिक्षा शुरु गरेको हो ।

पूर्वको काँकरभिट्टादेखि पश्चिममा मावाखोलासम्मको एक सय ४४ किलोमिटर राजमार्ग क्षेत्रमा विभिन्न ठाउँमा हेल्प डेस्क र जाँच चौकी खडा गरी ट्राफिक सचेतना प्रदान गर्दै आएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रहरी निरीक्षक नवराज न्यौपानेले जानकारी दिए ।

अत्यधिक दुर्घटना हुने क्षेत्र ‘ब्याकस्पट’ क्षेत्रमा ट्राफिक प्रहरीले हेल्प डेस्क र जाँच चौकी खडा गरेको छ । तीव्रगतिमा सवारी नचलाउन आग्रह गर्दै प्रहरीले ठाउँ-ठाउँमा सचेतना बोर्ड समेत राखेको छ । केही दिनयता झापामा सवारी दुर्घटना बढेसँगै दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरीले सडक सुरक्षा रणनीति अपनाएको हो ।

अहिले राजमार्गसँगै विद्यालय, सार्वजनिक स्थल, विभिन्न सङ्घ-संस्थामा दिनहुँ ट्राफिक सचेतना कार्यक्रम सञ्चालन भइरहेका छन् । सडकको जीर्ण अवस्था, सवारीसाधनको चाप उच्च, ट्राफिक जनशक्तिको अभाव र सवारी चालकको लापरबाहीका कारण झापामा सवारी दुर्घटना बढेको निष्कर्षसहित ट्राफिक प्रहरी सडक सुरक्षामा केन्द्रित भएको हो ।

विशेषगरी साँझको समयमा बढी दुर्घटना हुने गरेको र दुर्घटनामा ज्यान गुमाउनेको संख्या २५ वर्षभन्दा माथि उमेर समूहका भएकाले त्यस्ता समूहलाई लक्षित गर्दै ट्राफिक सचेतना सुरु गरिएको प्रहरी निरीक्षक न्यौपानेको भनाइ छ । योसँगै ट्राफिक जाँचमा समेत कडाइ गरिएको प्रहरीले जनाएको छ । चालू आर्थिक वर्षको चैत महिनासम्म ट्राफिक नियम उल्लङ्घन गर्ने ३६ हजार २१ सवारी चालक कारवाहीमा परेका छन् ।

ट्राफिक प्रहरीले सवारी नियम उल्लङ्घन नगरी सवारी चलाउन जिल्लाका विभिन्न स्थानमा तीन हजार दुई सय २५ सचेतना कक्षा सञ्चालन गरेको र विद्यार्थीसहित एक लाख ३० हजार आठ सय ४९ जनालाई ट्राफिक सचेतना शिक्षा प्रदान गरिएको प्रहरी निरीक्षक न्यौपानेको भनाइ छ ।

समुदाय केन्द्रित ट्राफिक सचेतना कार्यक्रमसमेत गर्दै आएको ट्राफिक प्रहरीले दुर्घटना न्यूनीकरणका लागि आफूहरुसँग उपकरण र जनशक्तिको अभाव भएको जनाएको छ । झापामा दिनानुदिन सवारीसाधनको चाप बढ्नु अनि जनशक्ति र जाँचका लागि उपकरण नहुँदा समस्या हुने गरेको ट्राफिक प्रहरी निरीक्षक न्यौपानेको भनाइ छ । सवारीको गति जाँचका लागि ‘ऱ्याडरगन’ नहुनु, मादक पदार्थ सेवन गरेको वा नगरको जाँचका लागि ‘ब्रेथलाइजर’ मेसिन ट्राफिकसँग नहुनुले समस्या हुने गरेको उनको भनाइ छ ।

यातायात व्यवस्था कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० सम्ममा झापामा दुई लाख ९६ हजार आठ सय ८५ सवारी साधन दर्ता रहेका छन् । त्यो अनुपातले हेर्दा एक ट्राफिक प्रहरीले तीन हजार ३२ सवारी साधनको रेखदेख गर्नुपर्ने अवस्था रहेको प्रहरी निरीक्षक न्यौपानेको भनाइ छ ।

पालिका सन्देश दोस्रो वर्षमा

बुद्धशान्ति, बैशाख २७। बुद्धशान्ति गाउँपालिकाबाट साप्ताहिक रुपमा प्रकाशन हुँदै आएको ‘पालिका सन्देश साप्ताहिक’ पत्रिका दोस्रो वर्षमा प्रवेश गरेको छ ।

पी.एस.टी नेपाल मिडिया प्रालिद्वारा सञ्चालित पत्रिका जिल्लाको उत्तरी भेगस्थित बुद्धशान्ति गाउँपालिका क्षेत्रलाई आफ्नो मुख्य कार्य क्षेत्र बनाई जनतालाई सुसूचित गर्दै आएको छ ।

स्थानीय स्तरदेखि लिएर प्रदेशको विकास निर्माण शिक्षा, संस्कृति र पर्यटनका साथै यहाँका समुदायको सरोकार र जीवनशैलीलाई विश्वस्तरसम्म पुर्‍याउन साप्ताहिक पत्रिकासँगै पालिका सन्देश डटकम अनलाइन संस्करण समेत सञ्चालनमा रहेको पत्रिकाका सम्पादक तीर्थराज तिम्सिनाले बताए । उनले झापा जिल्लाका विभिन्न स्थानीय तह तथा इलामका केही स्थानमा प्रत्यक्ष वितरण हुँदै आएको पत्रिकालाई प्रविधिको विकाससँगै अनलाइनलाई समेत विशेष प्राथमिकतामा राखेको बताए ।

धेरै स्थापित मिडिया र नयाँ खुल्ने मिडियाको भीडमै जन्मिएको पालिका सन्देश साप्ताहिक पत्रिकाका लागि यो समय निश्चय पनि चुनौतीपूर्ण रहेको र एक वर्षको यात्रा सफल हुनुका पछाडि आम पाठकवर्ग, विज्ञापनज्ञाता र शुभेच्छुकहरुको अतुलनीय योगदान रहेको सम्पादक तिम्सिनाले बताए ।

खोटाङमा ‘जनसेवा नगर अस्पताल’

खोटाङ, बैशाख २७। दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१२ जालपामा पाँच शय्याको ‘जनसेवा नगर अस्पताल’ स्थापना भएको छ ।

अस्पताल स्थापनासँगै विशेषज्ञ डाक्टरबाट सेवा प्रवाह भएको छ । जनसेवा समाज नेपाल जालपाले सञ्चालन गर्दै आएको १५ शय्याको जनसेवा सामुदायिक अस्पताललाई नगर अस्पतालमा रुपान्तरण गरेर सेवा प्रवाह गरिएको वडा नं. १२ का अध्यक्ष दानबहादुर राईले बताए ।

जालपाका स्थानीयले २०६९ सालमा चन्दा सङ्कलन तथा श्रमदान गरेर स्थापना गरेको १५ शय्याको सामुदायिक अस्पतालको भौतिक संरचना तथा उपकरण नगरपालिकालाई हस्तान्तरण गरेर सोही ठाउँमा नगर अस्पताल सञ्चालन गरिएको हो ।

जनसेवा सामुदायिक अस्पतालको नाममा रहेको चार रोपनी एक आना दुई दाम जग्गामा निर्माण गरिएका भौतिक संरचना तथा उपकरण नगरपालिकालाई हस्तान्तरण गरिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष ध्रुव श्रेष्ठले जानकारी दिए । जालपामा सञ्चालित स्वास्थ्य चौकीको सेवा समेत सोही नगर अस्पतालबाट प्रवाह गर्ने गरी एकीकृत गरिएको जनाइएको छ ।

जनसेवा सामुदायिक अस्पताल व्यवस्थापन समितिले नगरपालिकालाई रु. तीन करोड ५० लाख बढीको भौतिक संरचना तथा उपकरण नगरपालिकालाई हस्तान्तरण गरेपछि सेवा प्रवाह प्रारम्भ भएको हो । निकट भविष्यमा १५ शय्यामा स्तरोन्नति गर्ने गरी स्थापना गरिएको नगर अस्पतालको उद्घाटन पूर्वसांसद टङ्क राई, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका प्रमुख तीर्थराज भट्टराई र प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले संयुक्तरूपमा सेवा प्रारम्भ गरेका हुन् ।

इन्टरनेट र लागूऔषधबिरुद्ध सचेतना

चारआली, बैशाख २७। धुलाबारीमा एक कार्यक्रमको आयोजना गरी विद्यार्थीलाई इन्टरनेटको दुरुपयोग लागूऔषधबिरुद्ध सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

चेतनशील सामुदायिक सिकाई केन्द्र मेचीनगर-१० धुलाबारीको आयोजनामा चार वटा सामुदायिक माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई इन्टरनेटको बढ्दो दुरुपयोग र लागूऔषधबिरुद्ध सचेतना कार्यक्रम सम्पन्न भएको हो ।

जिल्ला अदालत झापाका शाखा अधिकृत राजनप्रसाद सुवेदीले सहजीकरण गर्दै विभिन्न उमेर समूहका बलबालिकालाई इन्टरनेट सदुपयोग गर्न सुझाउँदै दुरुपयोग भएमा कानूनी सजायको व्यवस्था सम्बन्धी सचेतना प्रवाह गरेका थिए ।

संस्थाका अध्यक्ष उदय बराइलीको अध्यक्षतामा भएको कार्यक्रममा मेचीनगर-१३ का वडाध्यक्ष कृष्णराज सिग्देल, त्रिदेव बहुमुखी क्याम्पसका प्रमुख माधव प्याकुरेल, शहीद दशरथ चन्द मावि‌का प्र.अ. लेखनाथ पौडेल र शिक्षक देवी खतिवडा लगायतले शुभकामना दिएका थिए ।

यसैबीच सोही अवसरमा सामुदायिक प्रहरी सेवा केन्द्र इलाका प्रहरी कार्यालय धुलाबारीद्वारा सञ्चालित बालबालिकालाई लागूऔषधबिरुद्ध सेचनामूलक अभिमुखीकरण कार्यक्रम समेत सम्पन्न भएको छ ।

कार्यक्रमलाई प्रहरी चोकी चारआलीका इञ्चार्ज एवम् प्रहरी नायव निरीक्षक रवि राईले सहजीकरण गर्दै लागूऔषध मुक्त वातावरणमा विद्यालयका विद्यार्थीहरुको भूमिकाका बारेमा जानकारी गराएका थिए । कार्यक्रमको सञ्चालन धमेन्द्र खड्काले गरेका थिए ।

ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

सम्पर्क :
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नगरपालिका- ४, झापा

सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*

सम्पर्क :
देवराज गिरी
९७०६१९६४०६
९८४२०७०५८६
विशाल हरिजन
९८१४९१७७११
९८४२७३३६१२

बराल ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष
९८०६०१८१७४
९८४०३८७६७५
जीवन कार्की
९८१६९४०१७३
मे १ ज १६७०

एकेडेमिक सर्टिफिकेट हरायो

झापा बिर्तामोडबाट दमक जाने क्रममा मिति २०८०।१२।०७ गते मेरो स्नातक तहको क्यारेक्टर, माइग्रेसन सर्टिफिकेट, ट्रान्सकिप्ट, मार्कसिट, प्रोभिजिनल सर्टिफिकेट हराएको हुँदा भेट्नु वा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ ।

तपसिल
नाम : सुदाम मण्डल
ठेगाना : बिर्तामोड नगरपालिका-२, झापा
हराएको कागजात : क्यारेक्टर सर्टिफिकेट, माइग्रेसेन, ट्रान्सकिप्ट, मार्कसिट र प्रोभिजिनल सर्टिफिकेट
रजिष्ट्रेशन नं.: ००४-२-२-००९१२-२०१३

सम्पर्कः ९८१६९८६९०४

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

श्री झाँतेचुली सामुदायिक वन उपभोक्ता समूह

माई नगरपालिका-३, इलामको

प्रकाशित मिति :२०८१/०१/२८

काठ लिलाम बिक्री सम्बन्धी सूचना

यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दीमा रहेको तपसिल बमोजिमको काठ डिभिजन वन कार्यालय इलामको च.नं. ४७०५ मिति २०८०/०९/१८ गतेको लगत प्रमाणित तथा बाह्य विक्री वितरण सहमति बमोजिम जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले चालू आ.व.मा नवीकरण गरिएका आयकर तथा मुअकर चुक्ता गरिसकेको दर्ता प्रमाणपत्र भएका वन पैदावरको कारोबार गर्न इच्छुक व्यक्ति फर्म संघ-संस्था वा निकायाले यस समूहको कार्यालय तथा श्री डिभिजनल वन कार्यालय इलाममा दरभाउपत्र खरिद तथा दर्ता गर्ने गरी सम्बन्धित सबैको जानकारीको लागि यस मितिमा प्रकाशित भएको मितिले २१ दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल

लट नं.	जात	स्तर (ग्रेड)													कैफियत
		ए				बी				सी					
		थान	परिमाण	न्यूनतम् मूल्य	जम्मा रकम	थान	परिमाण	न्यूनतम् मूल्य	जम्मा रकम	थान	परिमाण	न्यूनतम् मूल्य	जम्मा रकम	जम्मा न्यूनतम	
३	साल गो.	१८	३३१.९४	१४००	४६४७१६.००	१४	१५०.४५	१०००	१५०४५०.००	२७	२०४.८६	७५०	१५३६४५.००	७६८८११.००	समूह बाहिर
४	साल गो.	९	१७२.१३	१४००	२४०९८२.००	२३	२५७.५५	१०००	२५७५५०.००	१६	१२४.४८	७५०	९३३६०.००	५९१८९२.००	समूह बाहिर
५	साल गो.	१६	१८१.१४	१४००	३९३५९६.००	१८	२००.३१	१०००	२००३१०.००	१९	१४४.३३	७५०	१०८२४७.५०	७०२१५३.५०	समूह बाहिर
६	साल गो.	१६	२९६.००	१४००	४१४४००.००	२५	३०१.३७	१०००	३०१३७०.००	९	७६.५७	७५०	५७४२७.५०	७७३१९७.५०	समूह बाहिर

श्री झाँतेचुली सामुदायिक वन उपभोक्ता समूह, माई-३, इलाम

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) - अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) - व्यापार-व्यवसायमा लाभदायक योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) - बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) - मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन सुखी रहला, उत्साह बढ्ने योग रहेको छ ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) - आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) - सुख र धनको प्राप्ती हुनेछ, मान-प्रतिष्ठा, इज्जत बढेर जानेछ, शत्रुमाथि बिजय प्राप्त हुनेछ, दाम्पत्य सुख मिल्नाले मन हर्षित रहला ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) - पती-पत्नीबीच थोरै वादविवाद बढ्न सक्छ, समयमै विचार पुऱ्याउनुहोला, आज तपाईलाई सन्तान पक्षबाट सुख मिल्नेछ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) - समय सामान्य रहेको छ, खर्च बढेर जानेछ, काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) - आज तपाईलाई व्यापार-व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) - समय मिश्रित फलदायी छ, पेट सम्बन्धि समस्याले सताउन सक्छ, खानपानमा ध्यान दिनुहोला ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) - बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) - समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनुपर्छ, खानपानमा ध्यान दिनुहोला । खर्चिलो योग रहेको छ ।